
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन ६ गते शनिबार ❑ 18 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## प्रदेश सङ्ग्रहालय अनुसन्धानको केन्द्र : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीले पोखरास्थित प्रदेश सङ्ग्रहालय अध्ययन, अनुसन्धानको केन्द्र रहेको बताउनुभएको छ।

सङ्ग्रहालयको नवनिर्मित प्रशासनिक भवनको आज उद्घाटन गर्दै उहाँले प्रदेश सङ्ग्रहालयलाई ऐतिहासिक सम्पदास्थलका रुपमा विकास गर्नुपर्ने धारणा राख्नुभयो।

"यो हाम्रो विश्वविद्यालय जस्तै हो, यहाँ रहेका सांस्कृतिक चिनारी, ऐतिहासिक अभिलेख, जातजातिका वेशभूषा र सामग्रीको उचित संरक्षण हुनुपर्छ", मुख्यमन्त्री अधिकारीले भन्नुभयो । अवलोकनकर्तालाई प्रदेश सङ्ग्रहालयमा आकर्षित गर्न उचित प्रचारप्रसारमा ध्यान दिनुपर्ने उहाँले बताउनुभयो।




मुख्यमन्त्री अधिकारीले सङ्ग्रहालयका लागि अपनाउनुपर्ने अन्तर्राष्ट्रिय मापदण्ड र गुणस्तर कायम गर्न प्रदेश सरकारले लगानी गर्न तयार रहेको उल्लेख गर्नुभयो। रु एक करोड ८९ लाख ८६ हजारको लागतमा प्रशासनिक भवन निर्माण गरिएको हो।

## समृद्धिको लक्ष्य पूरा गर्न सरकार प्रतिबद्ध छ : उपप्रम श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

उप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले वर्तमान सरकारको मुख्य ध्यान समृद्धिको लक्ष्य कसरी पूरा गर्ने भन्नेमा केन्द्रित रहेको बताउनुभएको छ।

सडक डिभिजन कार्यालय पोखरामा शुक्रबार मातहतका कार्यालयका प्रमुख एवं कर्मचारीलाई निर्देशन दिँदै उहाँले समृद्धिको प्रक्रियालाई तीव्रताका साथ अघि बढाउँदा मात्र जनताको अपेक्षा र आवश्यकता पूरा हुने उल्लेख गर्नुभयो।

उहाँले देशमा समृद्धि हासिल गर्नका लागि भौतिक पूर्वाधार मन्त्रालयको महत्वपूर्ण जिम्मेवारी रहेकोसमेत बताउनुभयो । मन्त्री श्रेष्ठलेभन्नुभयो, 'हाम्रोमन्त्रालयमा सरकारको पुँजीगत बजेटको एकतिहाइ बजेट छुट्याइएको छ । समृद्धिको लक्ष्य हासिल गर्नमा हाम्रो मन्त्रालयको ठूलो जिम्मेवारी छ, त्यो जिम्मेवारी पूरा गर्न जिम्मेवारीवोध गर्नु आवश्यक छ । आयोजनाको कार्यान्वयन प्रक्रियालाई तीव्रताका साथ प्रभावकारीरूपमा अघि बढाउनु आवश्यक छ।'



सबैलाई न्याय र परिणाममा आफू केन्द्रित भएको बताउँदै उपप्रधानमन्त्री श्रेष्ठले काम गराउनका लागि भनसुन गराउनुपर्ने अवस्थाको अन्त्य गरिने बताउनुभयो। 'पोलिटिकल दबाब र अवाञ्छित प्रभावले कसैको पोष्टिङ र सरुवा हुँदैन । कसैको भनसुन गराउनुपर्ने अवस्थाको अन्त्य हुन्छ। बरु भनसुन गराउन थाल्नुभयो भने काम बिग्रियो भन्ने बुझे हुन्छ', उहाँले भन्नुभयो।

मन्त्री श्रेष्ठले कतिपय विकास आयोजनाको काम सम्झौता भएको १० वर्षसम्म पूरा नभएको आफूले देखेको बताउँदै निर्माण व्यवसायीले काम गरेनन् भनेर मात्र नबस्न र किन काम हुन सकेन भनेर अनुगमन गर्नसमेत कर्मचारीलाई निर्देशन दिनुभयो।

## होमस्टे आर्थिक उपार्जनको माध्यम हो : मन्त्री किराँती

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ५ फागुन

नेपालमा होमस्टे संचालनमा आएको २५ बर्ष पुरा भएको छ । पहिलो पटक स्याङ्जाको सिरुवारी गाउँमा सामुदायीक रुपमा पाहुनालाई राखेर पर्यटन प्रवर्द्धनमा प्रगति हुन थालेको २५ बर्ष पुरा भएको हो।

२५ बर्ष पुरा गरेको अवसरमा सिरुवारी होमस्टे गाउँले रजतजयन्ती महोत्सव मनाएको छ । रजत जयन्ती महोत्सवको उद्घाटन नेपाल सरकारका पर्यटन एंव नागरीक उड्ययन मन्त्री सुदन किराँतीले गरेका छन्। दुईदिन सम्म चल्ने रजतमहोत्सवमा राष्ट्रिय स्तरका ख्याती प्राप्त कलाकार सहित इन्द्रेणी समुहले आफ्नो प्रस्तुती गर्ने कार्यक्रम रहेको छ।

होमस्टेको रजत जयन्ती महोत्सवको उद्घाटन गर्दै नेपाल सरकारका पर्यटन मन्त्री किराँतीले सामुदायीक होमस्टेलाई आर्थिक उपार्जनको माध्यम बनाउनुपर्नेमा जोड दिए । एशियामै शुरुवात नभएको बेला नेपालमा आजभन्दा २५ बर्ष अगाडी देखी होमस्टेको अवधारणा आइसकेको स्मरण गर्दै




मन्त्री किराँतीले यस्ता योजनाहरु नेपालका सबै भुभागमा पुऱ्याउन सके आर्थिक उपार्जनको माध्यम बलियो हुने बताए। अहिले गाउँ छाडेर शहरतिर बसाई सराई गर्नेको संख्या बढिरहेको छ उनले भने,' यसलाई रोक्न होमस्टे अवधारणा अगाडी सार्नुपर्छ ।' अब गाउँ फर्काउने अभियान चलाउन आवश्यक छ उनले भने । स्थानीय उत्पादनलाई बढवा दिदै त्यस्ता उत्पादनलाई होमस्टे मार्फत बजारीकरण हुन सकेमात्रै आर्थिक समृद्धि हुने उनले बताए। देशको विकास भयो भने होमस्टे संचालनबाटै हुने मन्त्री किराँतीको घारणा छ। उदघाटन कार्यक्रममा स्याङ्जा क्षेत्र नम्वर १ का प्रतिनिधिसभा सदस्य राजु थापाले सिरुवारी गाउँले स्याङ्जा मात्रै नभएर अन्तराष्ट्रिय स्तरमा चिनाउन सफल भएको धारणा व्यक्त गरे । सरकारले होमस्टे संचालनलाई बिशेष योजना बनाएर अगाडी बढाउनुपर्ने धारणा सांसद थापाले व्यक्त गरे । गण्डकी प्रदेश सांसद सरस्वती गुरुङ्ले गण्डकी प्रदेशलाई होमस्टेको हब बनाउने गरी अगाडी बढेको बताइन्। सिरुवारीलाई तिनैतहका सरकार मिलेर पाठशालाको रुपमा विकास गर्नुपर्ने धारणा राखिन् । दुईदिन संचालन हुने रजतजयन्ती महोत्सव फागुन ६ गते सकिने महोत्सव संयोजक उर्मिला गुरुङ्ले बताइन् । घरबासको रजत जयन्तीका अवसरमा गत बिहीबारदेखि विविध कार्यक्रमहरु गरिएका छन्। होमस्टेको राजधानी अर्थात् पाठशालाका रुपमा स्थापित सिरुबारीले विभिन्न पुरस्कारहरु प्राप्त गरिसकेको छ। सिरुबारीले सामुदायिकस्तरमा पर्यटन प्रवर्द्धनमा पुऱ्याएको योगदानलाई कदर गर्दै प्यासिफिक एसिया ट्राभल एसोसिएसन-२००१ 'पाटा अवार्ड' प्राप्त गरेको छ । विसं २०७४ मा उत्कृष्ट होमस्टेका रुपमा पनि पुरस्कार प्राप्त गरेको छ। देशकै एकसय नयाँ पर्यटकीय गन्तव्यमध्ये सिरुबारी सामुदायिक घरबास पनि सूचीकृत छ । ३९ घरबाट सुरु भएको घरबास हाल २० घरमा सञ्चालित छ।

यहाँ एकसयको हाराहारीमा पाहुना राख्न सकिन्छ । सिरुबारी गुरुङ समुदायको बसोबास भएको पर्यटकीय गाउँ हो । यहाँ आउने पाहुनालाई गुरुङ समुदायको कला र संस्कृतिबाट न्यानो स्वागत सत्कार गर्ने गरिन्छ। विशेष गरेर यहाँ घरबासको व्यवस्थापन पक्षका बारेमा बुझ्न टाढाटाढाबाट पाहुनाहरु आउने गर्छन् । विसं २०७८ मा सिरुबारी गाउँको तस्बिर अङ्कित हुलाक टिकट प्रकाशन भइसकेको छ।

## गण्डकीमा प्रदेश निजामती सेवा पुरस्कार घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

गण्डकी प्रदेश सरकारले यस वर्षको प्रदेश निजामती सेवा पुरस्कार घोषणा गरेको छ । प्रदेश स्थापना दिवसका अवसरमा बिहिबार सो पुरस्कारका लागि छनोट भएका १० कर्मचारीको नाम सार्वजनिक गरिएको हो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार एक जनालाई सर्वोत्कृष्ट, तीन जनालाई उत्कृष्ट र छ जनालाई प्रदेश निजामती सेवा पुरस्कार प्रदान गरिनेछ। सर्वोत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कार पाउनेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव मनमाया भट्टराई पङ्गेनी हुनुहुन्छ। उहाँले रू एक लाखपुरस्कार प्राप्त गर्नुहुनेछ।

उत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कारका लागि लमजुङ डिभिजन वन कार्यालयका अधिकृत पूर्णेश्वर सुवेदी, कास्की यातायात व्यवस्था कार्यालयका अधिकृत डिल्लीराम रिजाल र मनाङ स्वास्थ्य कार्यालयका वरिष्ठ जनस्वास्थ्य अधिकृत बाबुराम आचार्य छनोट हुनुभएको छ। उत्कृष्टतर्फको पुरस्कार राशि जनही रू७५ हजार रहेको छ।

स्तै रू ५० हजारको प्रदेश निजमती सेवा पुरस्कारबाट यस वर्ष पोखरास्थित प्रदेश सङ्ग्रहालयका अधिकृत करुणा राई, मुस्ताङ पूर्वाधार विकास कार्यालयका इञ्जिनीयर विवेक सिग्देल, कृषि, ऊर्जा तथा जलस्रोत मन्त्रालयका अधिकृत अनिल सुवेदी, आर्थिक मामिला मन्त्रालयका अधिकृत रामेश्वर ढुङ्गाना, प्रदेश लोकसेवा आयोगका सहायक पाँचौं तहमा कार्यरत विष्णु पोखरेल पौडेल र गण्डकी प्रदेशसभा सचिवालयका सूर्यबहादुर बानियाँ रहनुभएको छ। प्रदेश सरकारअन्तर्गतका मन्त्रालय, विभाग र आयोगबाट सिफारिस भई आएका ४४ मध्येबाट बुधबार बसेको मन्त्रिपरिषद् बैठकले १० कर्मचारीलाई पुरस्कृत गर्ने निर्णय गरेको थियो।

पुरस्कार गणतन्त्र दिवसका अवसरमा प्रदान गरिने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता रमेश घर्तीले जानकारी दिनुभयो।

## पर्यटनमन्त्रीलाई व्यवसायीको प्रश्न: कहिले हुन्छ अन्तरराष्ट्रिय उडान ?

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीसँग पोखराका पर्यटन व्यवसायीले अन्तरर्राष्ट्रिय विमानस्थलबाट अन्तराष्ट्रिय उडानलगायत पर्यटनका विविध विषयमा प्रश्न गरेका छन्।

पोखरा पर्यटन परिषद्को आयोजनामामन्त्रीसँगपर्यटनविषय केन्द्रित अन्तरक्रिया कार्यक्रममा व्यवसायीहरुले अन्तरराष्ट्रिय उडानका लागि सङ्घीय सरकारले किन पहल गर्न सकेको छैन? कहिलेदेखि उडान सुरु हुन्छ ? जस्ता प्रश्न गरेका थिए। गत १ जनवरीमा उद्घाटन गरिएको पोखरा अन्तराष्ट्रिय विमानस्थलमा अहिलेसम्म पनि अन्तराष्ट्रिय उडान सुरु हुन सकेको छैन।

मन्त्री किरातीले पोखराको सुन्दरताको वर्णन गर्दै अन्तराष्ट्रिय उडानका लागि आफूले पहल गरिरहेको जानकारी दिनुभयो । उहाँले पोखरा उत्कृष्ट गन्तव्य र पर्यटनको विश्वविद्यालय नै भएकाले यसको विकासमा आफूले निकै चासो दिएको बताउँदै अन्तराष्ट्रिय उडानका विषयमा आफूले प्रक्रिया बुझेर कार्य अघि बढाउने जानकारी दिनुभयो। मन्त्री किरातीले पर्यटन व्यवसायीका जिज्ञासा समाधान गर्न आफू सकारात्मक भएको जनाउँदै जिम्मेवारी र कर्तव्य बुझ्ने नेतृत्वको अभावमा यस्ता समस्या बग्रेल्ती देखिएकाले सुधारको आवश्यकता रहेको बताउनुभयो । त्यसैगरी पर्यटन व्यवसायीले नेपाल पर्यटन बोर्डको कार्यविधि नबनेकाले पर्यटन प्रवर्द्धनमा विनियोजित रकम खर्च हुन नसकेको विषयमा पनि प्रश्न उठाएकामा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत धनञ्जय रेग्मीले पर्यटन प्रवर्द्धनका लागि लागि बेर्ड सदस्यहरूबाट पूर्वाधार विकासका एजेन्डा प्रस्तुत हुन नसकेको गुनासो गर्नुभयो।

पर्यटन व्यवसायी गणेश भट्टराईले अन्तराष्ट्रिय विमानस्थल उद्घाटन गर्न हतारिएको तर आवश्यक गृहकार्य पूरा नभएको बताउनुभयो। उहाँले अन्तराष्ट्रियले उडान हुन नसक्दा धेरै प्रश्नहरु उठ्न थालेको जनाउँदै सङ्घीय सरकारलाई यथाशक्य पहल गर्न आग्रह गनुभयो।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रमुख काशिराम भण्डारीले आफूलाई कार्यविधि नबनी रकम निकासा गर्ने अधिकार नभएकाले प्रवर्द्धनका लागि विनियोजित रकम खर्चगर्न समस्या भएको बताउनुभयो।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले अन्तराष्ट्रिय विमानस्थल उद्घाटन भएसँगै उत्साहित भए पनि अन्तराष्ट्रिय उडान सुरु हुन नसक्दा निराश भएको बताउनुभयो। योसँगै सरकारको स्पष्ट पर्यटन नीति नहुनु र ठूलो लगानी भएको पर्यटन क्षेत्र वित्तीय संस्थाको चर्को ब्याजदर र दबाबले थप समस्या सिर्जना गरेको बताउनुभयो।

राष्ट्रिय आविष्कार केन्द्रका महावीर पुनले पर्यटन विकासका लागि अनुसन्धान हुनुपर्नेमा जोड दिनुभयो। उहाँले पर्यटक लक्षित गतिविधि र गन्तव्यका लागि नयाँ नयाँ सोच र विकासको खोजी आवश्यक रहेको बताउनुभयो।

पर्यटन परिषद्का संस्थापक अध्यक्ष अशोक पालिखे, पूर्वअध्यक्ष गोपिबहादुर भट्टराई, टान, हान, नाट्टा, टेसा, एगा, एनटिभिए, वोटेफ, मनी चेञ्जर, पोखरा उद्योग वाणिज्य सङ्घ, भिटोफ, नेपाल हवाई खेलकुद संस्थालगायत संस्थाका अध्यक्ष एवम् प्रतिनिधिले आ-आफ्नो क्षेत्रका विषयगत समस्या प्रस्तुत गर्नुभएको थियो।




# सहारा एकेडेमीको फुटबल मैदान बनाउन तथा खोला नियन्त्रणमा विशेष पहल गर्छु: मन्त्री गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, ५ फागुन

गण्डकी प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री पन्चराम गुरुङले पोखरा १७ मा रहेको सहारा एकेडेमीको अवलोकन भ्रमण गरेका छन् ।




सहारा क्लवको निमन्त्रणमा शुक्रबार एकेडेमी अवलोकन गर्दै मन्त्री गुरुङले सहारा एकेडेमीको हालको फुटवल मैदानलाई अन्तराष्ट्रिय स्तरको बनाउन तथा एकेडेमी सहितको दोविल्ला बस्ती संरक्षणको लागि खोला नियन्त्रणमा बिषेश पहल गर्ने बताएका छन् ।

क्लवको पहलमा दोविल्लामा निकै राम्रो भवन सहितको फुटवल मैदान निर्माण भएकोले अब उक्त मैदानलाई पोखराको बैकल्पिक फुटवल मैदान बनाउन आवश्यक भएको उनले जनाए । मन्त्री गुरुङले प्रदेशले सकेसम्म प्रदेशबाट अन्यथा केन्द्रबाट पहल गरेर भए पनि बस्ती सहित एकेडेमीको बृद्धि विकासमा केही न केही सहयोग गर्ने बताएका छन्। एकेडेमीका वालकहरुलाई मेसी, रोनाल्डो जस्तो खेलाडीको रुपमा आफ्नो खेल कौशल प्रदर्शन गर्न आग्रह गर्दै मन्त्री गुरुङले खेलाडीहरुलाई परेको पिर मर्काको बिषयमा न्याय दिलाउन विशेष पहल गर्ने जनाए । एउटा राम्रो खेलाडीले आफ्नो बाबु, आमा, समाज, क्षेत्र, प्रदेश, देश र अन्तराष्ट्रिय स्तरमा नाम सहजै कमाउन सकिने हुदा खेलकुदमा सपना देख्न युवा बर्गलाई आग्रह गरे । आफु राप्रपाबाट मन्त्री भए पनि मन्त्री रहदासम्म सबै जनताको समान रुपमा काम गर्ने बताउदै मन्त्री गुरुङले कुनै कर्मचारीहरु नियुक्ति गर्दा राजनीति भन्दा पनि क्षमतावान व्यक्तिलाई नै नियुक्ति गर्ने दाबी गरे ।

मन्त्री गुरुङलाई क्लवका अध्यक्ष हरिराम गुरुङ (सुरज), सल्लाहकारहरु महेश गुरुङ, सुनिल गुरुङ, पूर्व अध्यक्षहरु विरभद्र आचार्य, केशव थापा, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल लगायतको सहभागिता रहेको महासचिव रामजी प्रसाद अधिकारीले बताए ।

क्लवले अब छिट्टै ३० जना वालकहरु पुनः राख्ने तयारी गरेको बरिष्ठ उपाध्यक्ष केशवराज बरालले बताए । क्लवको गतिविधिको बारेमा मन्त्री गुरुङ समक्ष जानकारी गराउदै अध्यक्ष सुरजले प्रदेश खेलकुद सदस्य सचिवमा योग्य र सक्षम व्यक्ति ल्याउन माग गरे ।

# कास्की टेनिस खेलाडीहरुको टोली बुटवल प्रस्थान

प्रतिक्षा पौडेल/समिक्षा गौतम
पोखरा, ५ फागुन

कास्कीको टेनिस खेलाडीहरुको टोली बुटवल प्रस्थान गरेको छ ।

रुपन्देही लन टेनिस संघको आयोजनामा शनिबारदेखि बुटवल देविनगरको टेनिस कम्लेक्समा हुने प्रथम मेयर कप तथा पाँचौं बुटवल खुल्ला लन टेनिस प्रतियोगिता २०७९ मा सहभागि हुन कास्कीको खेलाडी सहितको एक टोली शुक्रबबार विहान वुटवल प्रस्थान गरेको हो । कास्कीका खेलाडी सहित कास्की जिल्ला टेनिस संघका अध्यक्ष लोक बहादुर गुरुङ, संघका केन्द्रिय उपाध्यक्ष विनोद कायस्थ लगायतका टोलीलाई एक समारोहका बिच नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले खादा लगाउदै यात्रा सहित प्रतियोगितामा सफलताको कामना गरेका थिए ।



प्रतियोगितामा सहभागि हुनु पूर्व जसरी खादाबाट खेलाडीहरुलाई बिदाई भएको छ टोली पोखरा फर्किदा ट्रफी सहित सम्मान गर्ने वातावरण हुनेमा अध्यक्ष बरालले विश्वास व्यक्त गरे ।

कार्यक्रममा बोल्दै अध्यक्ष बरालले गण्डकी प्रदेशको राजधानिपोखरामा खेलपर्यटनको अथाह सम्भावना भएको दाबी गर्दै देशका कुनै पनि ठाँउमा आयोजना हुने प्रतियोगितामा पोखरा क्षेत्रका खेलाडीहरुले सहभागिता जनाउनु नै ठुलो कुरा भएको बताए ।

उक्त प्रतियोगितामा नेपालका राष्ट्रिय खेलाडी प्रदिप खड्का, आसिस खड्का, नेहालजंग बहादुर थापा र बिष्णु नेपाली रहेका छन भने करिब २० जना भेट्रान्स खेलाडीहरु सहभागि हुदै गरेको कास्कीबाट सहभागि एक खेलाडी सुर्यबहादुर भुजेलले बताए ।

# गण्डकी प्रदेश स्तरिय दोश्रो खुल्ला आर्चरी प्रतियोगिता पोखरामा सुरु

पोखरापत्र संवाददाता
पोखरा, ५ फागुन

गण्डकी प्रदेश स्तरिय दोश्रो खुल्ला आर्चरी प्रतियोगिता २०७९ शुक्रबारदेखि पोखरामा सुरु भएको छ । उक्त प्रतियोगिता अर्न्तगत शुक्रबार भएको भेट्रान्स तर्फको विधामा म्याग्दीका जय प्रकाश छन्त्याल प्रथम भएका छन्।



उनले ८ जना प्रतियोगिहरुलाई पछि पार्दै भेट्रान्स तर्फको उपाधि हात पारेका हुन्। त्यसै गरी प्रतियोगितामा कास्कीका हिरामान लालचन दोश्रो र म्याग्दीकै भिमेन्द्रमान पुन तेश्रो भएका छन् । उक्त प्रतियोगितामा भेट्रान्स तर्फ ८७ बर्षका मिन बहादुर शेरचन र ६९ बर्षका हरिध्वज तुलाचन समेत सहभागि भएको अध्यक्ष शेरचनले जनाए । प्रतियोगिता अर्न्तगत शुक्रबार भएको रिकर्ब खुल्ला पुरुष प्रतिष्रर्धामा कास्कीका सुमन गुरुङले ५ सय ९५ अंक बटुल्दै अग्र स्थानमा रहेका छन् । कास्कीकै अशिम शेरचनले ५ सय ८८ अंक ल्याउदै दोश्रो स्थानमा रहे भने कास्कीकै दुर्गा घर्तिमगर ५ सय ५७ अंक सहित तेश्रो स्थानमा रहेका छन्। त्यसै गरी पुरुष स्टाण्डर्ट तर्फको विधामा बागलुङका हिकमत पुरी अग्र स्थानमा रहेका छन भने कास्कीका ३ सय २७ अंक सहित रबिन थापा र कास्कीकै प्रदिप पूर्जा ३ सय २७ अंक सहित दोश्रो स्थानमा रहेका छन् ।

त्यसै गरी रिकर्ब खुल्ला महिला तर्फको प्रतिष्रर्धामा पहिलो दिनको खेलमा कास्कीका खेलाडीहरु अग्रस्थानमा रहेका छन् । कास्कीका केशरी आले मगरले र कास्कीकै बिष्णु माया लिम्बुले समान ५ सय ८८ अंक ल्याउदै अग्रस्थानमा रहे भने कास्कीकै अनुस्का शेरचनले ५ सय ७२ अंक ल्याउदै दोश्रो स्थानमा रहेकी छन् ।

शनिबारसम्म पोखरा रगंशालाको आर्चरी खेल मैदानमा संचालन चल्ने उक्त प्रतियोगिताको उद्घाटन गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्बीमान गुरुङले गरे । कार्यक्रममा बोल्दै प्रदेश प्रमुख गुरूङले हरेक कुरा सफल हुन शारीरिक रूपमा स्वस्थ हुन आवश्यक भएको बताए । खेलकुदमा चासो नराख्ने भए पनि नवौं खेलकुद पोखरामा हुनुले आफुलाई खेलकुदको थप महत्व बुझ्ने अवसर मिलेको उनले जनाए। धनुषबाणको रूपमा खेल्ने मानव सभ्यताको रूपबाट सुरू भएको तारा खेलको सुधारिएको खेल आर्चरीमा नेपालको पदकको राम्रो सम्भावना भएको यस खेलको प्रबर्द्धन गर्न सबै लाग्नु पर्ने प्रदेश प्रमुख गुरुङले बताए ।

कास्की जिल्ला आर्चरी संघका अध्यक्ष योगेन्द्र शेरचनको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा गण्डकी प्रदेशका सांसद प्रकाश बराल, प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोज कुमार गुरूङ, परिषदका का.बा.सदस्य सचिव घनश्याम पौडेल, संघका केन्द्रिय अध्यक्ष दीपकराज गुरुङ लगायतले खेलकुदको विकास गर्न यस्ता प्रतियोगिता निरन्तर रुपमा आयोजना हुनु पर्नेमा जोड दिए ।

कार्यक्रममा खेलाडीहरुको साथमा गण्डकी प्रदेशका सांसदहरु प्रकाश बराल र विकल शेरचनलाई समेत सम्मान गरिएको थियो । प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना, गण्डकी प्रदेश आर्चरी सघको संयोजनमा, नेपाल आर्चरी सघको समन्वयमा र अन्नपुर्ण आर्चरी क्लबको ब्यबस्थापन संचालन हुने भएको उक्त प्रतियोगिताको सह–आयोजक कास्की जिल्ला आर्चरी सघले रहेको छ । प्रतियोगितामा गण्डकी प्रदेशका मुस्ताङ, म्याग्दी, पर्वत र कास्की बाट करिब ८९ जना खेलाडीहरुको सहभागिता भएको कास्की जिल्ला आर्चरी संघका अध्यक्ष योगेन्द्र शेरचनले बताए । प्रतियोगिता अर्न्तगत रिकर्ब ओपन पुरुष र महिला र स्टाण्डर्ट पुरुष तर्फ को ब्यक्तिगत खुल्ला प्रतिस्प्रर्धा भएको अध्यक्ष शेरचनले जनाए । रिकर्ब ओपन ७० मी र स्टाण्डर्ट ३० मी को दुरीमा खेल भएको छ ।

भेट्रान्स पुरुष तर्फ प्रथम हुनेलाई ८ हजार, दोस्रो हुनेलाई ५ हजार र तेस्रो हुनेलाई ३ हजारको साथमा मेडल र प्रमाण पत्र प्रदान गरिने संघले जनाएको छ ।

प्रदेश खेलकुद परिषदको बार्षिक कार्यक्रम अर्न्तगत आयोजना भएको उक्त प्रतियोगितामा मुख्य आर्थिक सहयोगीको रुपमा नेपाल ईन्भेष्टमेन्ट मेघा बैकं र पोखरा महानगरपालिका रहेको संघले जनाएको छ । बिगत १० बर्ष देखी आर्चरी प्रतियोगितालाई उक्त बैंकले निरन्तर आर्थिक सहयोग गर्दै आएको छ भने यस बर्ष देखी पोखरा महानगरपालिकाले समेत सहयोग गर्ने भएको हो ।

# लेखनाथ महोत्सव २०७९ को समिक्षा

प्रतिक्षा पौडेल/समिक्षा गौतम
पोखरा, ५ फागुन

महोत्सव लेखनाथको संस्कृति स्थानीय विकास र संबृद्धि भन्ने मुल नाराका साथ यहि पुस ७ गते देखि १८ सम्म संचालित १८ औं संस्करणको लेखनाथ महोत्सवको समिक्षा शुक्रबार सम्पन्न भयो ।

यस वर्षको महोत्सवको आकर्षणको रुपमा रहेको पर्यटन प्रवर्द्धनका लागि बेगनासतालको प्रतिबिम्ब, शैक्षिक प्रदर्शनी, ग्रामिण प्रविधि प्रदर्शनी, कृषि प्रदर्शनी, स्टेज कार्यक्रम र उत्कृष्ट स्टल सहभागिता लगायतकाले महोत्सवलाई अझ भव्य र सव्य बनाएको सवै उपस्थित सहभागिबाट समिक्षा गरिएको थियो ।

लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेयको अध्यक्षतामा सम्पन्न भएको १८ औं महोत्सवको समिक्षामा निर्देशक समिति, विभिन्न उपसमितिका संयोजक, सहसंयोजक, सल्लाहकार, कार्यसम्पादन समिति, जातजातिका संस्थाका अध्यक्ष एवं प्रतिनिधिहरुले महोत्सवमा सवैको सामुहिक प्रयास र सहभागिताबाट महोत्सव सफल बनेको र महोत्सवमा भएका राम्रा पक्ष र आगामी महोत्सवमा सुधार गर्नुपर्ने सुझावहरु राख्नुभएको थियो । लेखनाथ महोत्सव को १९ औं संस्करण आगामी २०८० साल पौष ५ गते देखि १६ गते सम्म आयोजना हुने र यस महोत्सव २०७९ संचालनका लागि गठन भएका सवै प्रकारका समिति, उपसमिति आजैकै मितिबाट विगठन भएको जानकारी मुलसंयोजक छत्रधर आत्रेयले गराउनुभएको थियो ।

उक्त कार्यक्रमको संचालन संघका महासचिव उपेन्द्रराज सुवेदी (राजु) ले गर्नुका साथै धन्यवाद ज्ञापन प्रथम उपाध्यक्ष राजेन्द्र ओझाले गर्नुभएको थियो ।


## प्रजातन्त्र दिवस भव्यरूपमा मनाऔं

◆ प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो ।
◆ आवधिक निर्वाचन प्रजातन्त्रका लागि महत्वपूर्ण हुन्छ ।
◆ शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो ।
◆ मेलमिलाप र शान्तिबाटै प्रजातन्त्र अघि बढाउन सकिन्छ ।

त्यसैले, प्रजातान्त्रिक आचरण, सँस्कार र व्यवहारको अवलम्बन गरौं ।

७३ औं राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरुपमा मनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# भद्रकाली माविको वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ५ फागुन

भद्रकाली माविको ७१ औं वार्षिकोत्सवको अवसरमा आयोजित वृहत रक्तदानमा ४३ युनिट रगत संकलन भएको छ । पोखरा महानगरपालिका वडा न १३ कुँडहर स्थित विद्यालयको आफ्नै प्राङ्गणमा विहीवार कार्यक्रम भएको हो ।

नेपाल रेडक्रस सोसाइटी प्रादेशिक कार्यालय रक्तसंचार सेवा पोखराका प्रमुख अर्जुन ज्ञवालीले पहिलो रक्तदाता द्धय शुक्रराज अधिकारी र शान्ति केसीलाइ व्लड व्याग दिएर कार्यक्रमको उद्घाटन गरेका थिए । भद्रकाली मावि व्यवस्थापन समितिका अध्यक्ष लोकवहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका




प्रधानाध्यापक राजेन्द्र भण्डारी लगायत वोलेको कार्यक्रममा सहायक प्रधानाध्यापक लोकचन्द्र खनालले संचालन गरेका कार्यक्रम संयोजक सिला गुरुङले वताईन ।

वार्षिकोत्सवको अवसरमा शुक्रवार विद्यालय मिनी म्याराथुन सम्पन्न भएको छ। सिनीयर र जुनियर गरी दुइ समुहमा म्याराथुन प्रतियोगिता गरिएको प्रतियोगिताका संयोजक पृतमकुमार श्रेष्ठले वताए। सिनियर पुरुष तर्फ मानविकी कक्षा १२ मा अध्ययनरत पृतम गुरुङ पहिलो, कक्षा १२ मानविकीका भिम वहादुर गुरुङ दोस्रो र शिक्षा १२ का सन्तोष विक तेस्रो भएका छन् ।

त्यसैगरी जुनियर पुरुष तर्फ पहिलो कक्षा ९ का आशिस नेपाली, दोस्रो कक्षा ८ सफल नेपाली, तेस्रो गंगावहादुर गुरुङ तेस्रो भए । महिला तर्फको म्याराथुनमा कक्षा ११ शिक्षामा अध्ययनरत बालकुमारी विक पहिलो , कक्षा ९ कि रिया तमाङ दोस्रो र कक्षा ६ कि अपसरा गुरुङ तेस्रो भइन । दुवै तफै पहिलो , दोस्रो र तेस्रो हुनेलाइ क्रमश तीन हजार र दुइ हजार र एक हजार, प्रमाणपत्र र मेडल प्रदान गरिएको संयोजक श्रेष्ठले वताए ।

# म्याग्दीमा अझै जग्गाको वर्गीकरण गरिएन

रासस
बेनी, ५ फागुन

म्याग्दीका स्थानीय तह जग्गाको वर्गीकरण गर्न अलमलमा परेका छन् । भूउपयोग नियमावलीमा जग्गाको वर्गीकरण गरेर मात्रै कित्ताकाट गर्ने व्यवस्था भएपछि म्याग्दीमा जग्गाको वर्गीकरण नहुँदा जग्गाको कित्ताकाट र अंशबन्डा लगायतका कार्य विगत नौ महिनादेखि पूर्ण रुपमा रोकिएका छन् । जग्गा कारोबारमा जग्गा कित्ताकाट नगरिकन सग्लो जग्गा बिक्री गर्नेको मात्रै किनबेच हुने गरेको छ । सरकारले गत जेठ २३ गते भूउपयोग नियमावली जारी गरेयता जिल्लामा जग्गा कित्ताकाट र अंशबन्डाको काम पूर्णरुपमा रोकिएको हो । भूउपयोग नियमावलीमा जग्गाको वर्गीकरण गर्ने अधिकार स्थानीय तहलाई दिएको छ । स्थानीय तहले जग्गाको वर्गीकरण गरेपछि मात्रै जग्गाको कित्ताकाट हुने व्यवस्था रहेको र जिल्लामा कुनै पनि स्थानीय तहले जग्गाको वर्गीकरण नगरेको जिल्ला मालपोत अधिकृत कृष्णबहादुर कार्कीले जानकारी दिनुभयो ।

"सुरुमा छ महिनाको समय अवधि तोकेर स्थानीय तहलाई जग्गा वर्गीकरण गर्न भनिएको थियो, तर अहिलेसम्म कुनै पनि स्थानीय तहहरुले गरेका छैनन्, जग्गा वर्गीकरण नभएकै कारण अंशबन्डालगायतका गर्नै पर्ने काम रोकिएका छन, यसले राजस्व सङ्कलनमा समेत गिरावट आएको छ", उहाँले भन्नुभयो ।

अघिल्लो आर्थिक वर्षको पुस मसान्तमा रु दुई करोड राजस्व सङ्कलन भएकोमा यस वर्षको पुस मसान्तसम्ममा जम्मा रु एक करोडको हाराहारीमा मात्रै राजस्व सङ्कलन भएको मालपोत कार्यालयले जनाएको छ । मालपोत कार्यालयबाट सङ्कलन हुने राजस्वमध्ये ४० प्रतिशत प्रदेश सरकार र ६० प्रतिशत सम्बन्धित स्थानीय तहलाई नै जाने भएकाले जग्गाको कारोबार नहुँदा स्थानीय तहहरुको आम्दानीको स्रोतसमेत गुमेको छ । जग्गा वर्गीकरणका लागि स्थानीय तहहरुलाई जनशक्तिको अभावसँगै वर्गीकरणको मापदण्ड र आधारमा समेत अलमल देखिएको छ। जग्गा वर्गीकरणको लागि स्थानीय तहमा छुट्टै दरबन्दी पठाइएको छैन। कम्तीमा अमिनसम्मका कर्मचारी नियुक्त गरेर जग्गा वर्गीकरणको काम अघि बढाउनुपर्छ। नियमावलीमा स्थानीय तहको आफ्नो जनशक्ति र क्षमता नभएमा नापी विभागको सहायता र सहयोग लिएर जग्गा वर्गीकरणको काम गर्नसक्ने व्यवस्थासमेत गरिएको छ।

म्याग्दीमा अधिकांश स्थानीय तहहरुले जग्गा वर्गीकरणको नीतिगत निर्णयसमेत गर्न नसकेको पाइएको जिल्ला नापी अधिकृत तुलसीप्रसाद पौडेलले बताउनुभयो । उहाँका अनुसार, धौलागिरि गाउँपालिकाले भूउपयोग परिषद् गठन गरेर मापदण्ड पारित गरेर कार्यविधि निर्माण भएको र जनशक्तिको अभाव भएको उल्लेख गरी प्राविधिक सहयोगको लागि नापी कार्यालयलाई सहयोग माग गरेको छ। "जग्गाको वर्गीकरणको मापदण्डमा धेरैजसो स्थानीय तहमा अलमल देखिएको छ, समन्वय गर्न आएका स्थानीय तहहरुलाई स्पष्टता पार्ने र उहाँहरुबाट प्राप्त गुनासालाई विभागमा समेत पुऱ्याएका छौँ, देशभरका धेरै स्थानीय तहहरुले जग्गा वर्गीकरण नगरेका कारण पनि यहाँका स्थानीय तहहरु 'पर्ख र हेरको' को अवस्थामा रहेको हुनसक्छन", उहाँले भन्नुभयो । छवटा स्थानीय तहमध्ये जिल्लामा बेनी नगरपालिकाले मात्रै जग्गा वर्गीकरणको लागि भूउपयोग परिषद् गठन गरी अमिन नियुक्त गरेको छ । पालिका र वडास्तरमा समिति गठन गरी तालिम प्रदान गरिएको र सम्पर्क व्यक्ति तोक्ने र अमिन नियुक्तलगायतका काम सकेर वटास्तरमा सरोकारवालाबाट सुझाव सङ्कलनको कार्य सुरु गर्न लागिएको नगरपालिकाका मेयर सुरत केसीले जानकारी दिनुभयो । "माघ महिनाभित्रमा सबै वडास्तरमा भेला राखेर सरोकारवालाको सुझाव लिन्छौँ, कुन क्षेत्रको जग्गालाई कस्तो वर्गीकरण गर्ने निक्यौल भएपछि अमिन र प्राविधिक जनशक्तिमार्फत वर्गीकरणको काम सुरु हुन्छ, नियमावलीमा रहेका केही अव्यवहारिक कठिनाइले सर्वसाधारणलाई दीर्घकालीनरुपमा पार्ने प्रभाव र असरको कारण पनि यो प्रक्रिया केही ढिलाइ भएको हो", मेयर केसीले भन्नुभयो । रघुगङ्गा गाउँपालिकाले जग्गा वर्गीकरणको लागि परिषद् गठनको निर्णय गरे पनि थप प्रक्रिया अघि बढाएको छैन । मङ्गला, मालिका, र अन्नपूर्ण गाउँपालिकाले यस सन्दर्भमा कुनै नीतिगत निर्णय र प्रक्रिया नै अघि बढाएका छैनन् । जग्गाको मापदण्डमा रहेको जटिलतासँगै नापी र मालपोतसम्बन्धी काम गर्ने जनशक्तिको संयन्त्र पालिकामा नहुँदा जग्गा वर्गीकरणको काम गर्न कठिनाइ भएको स्थानीय तहका जनप्रतिनिधि बताउँछन् ।

कृषि क्षेत्रमा वर्गीकरण हुने जग्गा दुई रोपनी र आवास क्षेत्रमा वर्गीकरण हुने जग्गा चार आनाभन्दा कममा कित्ताकाट नहुँने प्रावधानले हिमाली र पहाडी भूभाग रहेको म्याग्दीमा दीर्घकालीनरुपमा स्थानीयवासीले अंशबन्डा र किनबेचमा समेत सास्ती र झण्झट व्यहोर्नुपर्ने भय सर्वसाधारण र जनप्रतिनिधिमा छ। जग्गालाई कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी खोला ताल तथा सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्विक क्षेत्र गरी नौ प्रकारमा वर्गीकरण गर्ने नियमावलीमा व्यवस्था गरिएको छ । सरकारले कृषियोग्य जमिनलाई खण्डीकरण हुनबाट रोक्न जग्गा वर्गीकरणको नियमावली जारी गरेर त्यसको अधिकार स्थानीय तहलाई दिएको हो ।

यद्यपि तराईदेखि हिमाली भेगसम्म एउटै मापदण्ड भएको कारण कृषियोग्य जमिनको मापदण्ड व्यवहारिक नभएको भन्दै देशभरका अधिकांश स्थानीय तहहरुले जग्गा वर्गीकरणको काम अघि बढाएका छैनन् । कतिपय स्थानमा खेतीयोग्य जमिनमा बस्ती बस्न थालेको छन् भने खेतीयोग्य जमिन बाँझो रहन थालेकाले पनि कुन जग्गालाई कुन क्षेत्र भनेर किटान गर्ने भन्ने अन्योलता सिर्जना गरेको जनप्रतिनिधि बताउँछन् ।

देशभर हालसम्म करिब एक सय स्थानीय तहहरुले मात्रै जग्गा वर्गीकरणको काम सकेको जनाइएको छ । भूउपयोग ऐन कार्यान्वयन गर्न जारी नियमावलीमा कृषियोग्य जग्गाको वर्गीकरणका लागि छ महिनाको समयसीमा निर्धारण गरिएको थियो भने अन्य जग्गाको वर्गीकरणका लागि समयसीमा तोकिएको छैन । कृषियोग्य जमिनको खण्डीकरण रोक्ने, व्यवस्थित र सुरक्षित बसोबाससहित जग्गाको व्यवस्थित व्यवस्थापन तथा उपयोगको उद्देश्यले सरकारले भूउपयोग नियमावली ल्याएको हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाव |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# अनेरास्ववियुको अध्यक्षमा बडाल

रासस
काठमाडौं, ५ फागुन

नेकपा (एमाले) निकट अनेरास्ववियुको २३औँ राष्ट्रिय महाविधेनबाट अध्यक्षमा समिक बडाल निर्वाचित हुनुभएको छ।

शुक्रबार बिहान सम्पन्न मतमणनाको परिणामअनुसार निकटम प्रतिद्वन्द्वी आरसी लामिछानेलाई पराजित गर्दै बडाल अध्यक्षमा निर्वाचित हुनुभएको प्रमुख निर्वाचन अधिकृत कुमारप्रसाद खकुरेलले जानकारी दिनुभयो । बडालले नौ सय ६२ तथा लामिछानेले तीन सय ५६ मत प्राप्त गर्नुभयो ।

यस्तै उपाध्यक्षमा गोविन्द गिरी (७६३ मत), नारायण घर्ती (७५१), मर्यादा विष्ट (६७५) र धर्म गिरी (५०१ मत) निर्वाचित हुनुभएको छ । महासचिव नरेश रोकाया सात सय ३३ मत प्राप्त गरी विजय हुनुभएको छ। यस्तै सचिवमा सञ्जीव धिताल, सुजन कडरिया, प्रकाश पौडेल, दिपेश प्रसाई, अञ्जना सिवाकोटी, आरती भट्टराई र विनिता काफ्ले तथा कोषाध्यक्षमा सङ्गम अर्याल निर्वाचित हुनुभएको छ।

# पोखराको परिचय थप्दै 'पोखरा अन्तर्राष्ट्रिय म्याराथन'

रासस
पोखरा, ५ फागुन

पोखरा पर्यटकीय सहरका रुपमा परिचित छ । यहाँको फेवाताल, माछापुच्छ्रे, बेगनासताल, मठमन्दिर, गुफालगायत संस्कार संस्कृतिसँग रमाउन बर्सेनि हजारौँ पर्यटक पोखरा आउने गर्छन् । पछिल्ला समय पोखरा चिनाउनका लागि साहसिक खेलसँगै मानव निर्मित संरचना थपिएका छन् । योबाहेक पोखरा म्याराथनले पनि पोखरा चिनाइरहेको छ।

खेल जीवनपश्चात् खेलप्रतिको मायाले भूपूखेलाडीहरुले सञ्चालन गरेको प्रतियोगिता हो पोखरा म्याराथन । भूतपूर्वखेलाडी मञ्च नेपाल २०५८ साउन ३० गते जिल्ला प्रशासन कार्यालयमा विधिवत् रुपमा दर्ता भयो। त्यसपछि द्वन्द्वको डरमा पनि आँट गरेर प्रतियोगिता सुरुआत गरेको संस्थापक अध्यक्ष खड्गबहादुर रानाभाटले जानकारी दिनुभयो । प्रथम संस्करणको म्याराथनमा ५६ जनाले भाग लिए । त्यो बेला त्रिभुवन आर्मी क्लबका खिमु गिरी प्रथम हुनुभएको अध्यक्ष रानाभाटले जानकारी दिनुभयो । धावक गिरी ४२.१९५ किमीको दूरी २ घण्टा २६ मिनेट ४२ सेकेन्डमा पार गर्नुभएको थियो । त्यो बेला पुरस्कार राशि ५० हजार रुपैयाँ राखिएको थियो । प्रथम हुनुभएको खिमले उक्त रकम पाउनुभयो। खिमले पार गर्नुभएको त्यो दूरीले पोखरा म्याराथन दूरी अझै लम्ब्यायो ।

"पहिलो म्याराथनमै अनेकन चुनौती सामाना गर्नुपऱ्यो । एक त ४२ किलोमिटरको दौडसँगै बजार परिक्रमा गर्नु आफैँमा चुनौतीपूर्ण काम थियो," उहाँले भन्नुभयो, "पोखराबाट सुरु भएको दौड लेखनाथ पुग्दा केही झमेलामा पऱ्यो । यत्रा मान्छे बजारमा उतारेर के गर्न खोजेको होला पनि भन्न भ्याए ।" स्थानीयवासीको नमिठो भनाइ, सुरक्षा, ट्राफिक चुनौतीलगायत समस्या चिर्दै पहिलो संस्करण सकिएको संस्थापक अध्यक्ष रानाभाटले बताउनुभयो ।

समस्यासँग जुध्दै दोस्रो संस्करण पनि गरेको संस्थाका पूर्वअध्यक्ष तेजबहादुर गुरुङले बताउनुभयो । दोस्रोमा एक सय ५० जनाले भाग लिएको उहाँले सम्झनुभयो । दोस्रो संस्करण पनि सोही समयमा गरियो, त्यो संस्करणमा पनि आर्मीका अर्जुनकुमार बस्नेत विजयी हुनुभएको थियो," गुरुङले भन्नुभयो, "उहाँले निर्धारित दुरी २ घन्टा २५ मिनेट २८ सेकेन्डमा पार गर्नुभएको थियो ।" त्यसपछि तेस्रो संस्करण सकेर चौथोसम्म पुग्दा विभिन्न सङ्घसंस्था भूपूखेलाडी मञ्चसँग जोडिएको पूर्वअध्यक्ष गुरुङले जानकारी दिनुभयो ।

त्यसपछि निरन्तरताका लागि झनै बल पुगेको उहाँले बताउनुभयो । केही वर्ष राष्ट्रिय वाणिज्य बैंकको टाइटलमा नै म्याराथन भयो । नवौँ पोखरा म्याराथनमा गैरआवासीय नेपाली सङ्घ (एआरएनए) जोडियो र एआरएनए पोखरा म्याराथनकै नामबाट प्रतियोगिता भयो । सोही समयमा म्याराथनलाई आकर्षक बनाउन उमेर समूह र पत्रकारलाई पनि सहभागी गराएको गुरुङले बताउनुभयो । आठौँ संस्करणबाट १० किलोमिटर र पाँच किलोमिटरको दौड पनि समावेश भयो । नवौँबाट 'रन फर फन' का नामबाट दौडन इच्छुक सबैलाई सहभागी गराएको उहाँले बताउनुभयो । नवौँ गरेपछि एआरएनएले प्रायोजकबाट साथ छोडेको गुरुङले बताउनुभयो । सो समयमा जनप्रतिनिधि नभएकाले कर्मचारी छिनछिनमा परिवर्तन भइरहने कारण आर्थिक सहयोग प्राप्त हुने ठाउँबाट नपाएको उहाँको गुनासो छ । संस्थालाई आर्थिक सङ्कट पर्दै जान थाल्यो । आर्थिक अभावकै कारण द्वन्द्व र जनआन्दोलका बीचमा पनि नरोकिएको पोखरा म्याराथन २०६७ पछि भने रोकियो । त्यो बीचमा मञ्चले केही न केही खेल गतिविधि गरिरहेको संस्थाका प्रथम उपाध्यक्ष दिलबहादुर गुरुङले जानकारी दिनुभयो। म्याराथन रोकिरहेको केही वर्षपछि संस्थाले लक्ष्मी ग्रुपको सफल दूधलाई प्रायोजकका रुपमा पाएको प्रथम उपाध्यक्ष गुरुङले बताउनुभयो । २०६७ सालदेखि रोकिएको म्याराथन २०७२ देखि सफल पोखराको नामबाट फेरि सुरु भयो।

त्यसपछिका संस्करणको पोखरा म्याराथनमा सफल दूधले नै प्रायोजन गरिरहेको प्रथम उपाध्यक्ष गुरुङले जानकारी दिनुभयो । म्याराथनको १२औँ संस्करणबाट अपाङ्गहरुका लागि भनेर दृष्टिविहीन र ह्विल चियर दौड पनि समावेश गरेको उहाँले बताउनुभयो । १४औँ संस्करणमा विदेशी धावकले उपाधि जितेपछि म्याराथनको चर्चा झनै चुलिएको संस्थाका अध्यक्ष हरिप्रसाद पराजुलीले बताउनुभयो । "त्यो संस्करणमा जापानका ताकानासीले उपाधि जित्नुभएको थियो । त्यसपछि पोखरा म्याराथनको थप चर्चा हुन थालेको हो," अध्यक्ष पराजुलीले भन्नुभयो, "त्यसपछि १५औँ संस्करणबाट महिलाहरुका लागि मात्र २१ किलोमिटरको हाफ म्याराथन पनि समावेश गरिएको छ ।" १५औँ संस्करणमा कोरोनाका कारण विदेशी सहभागी भएनन् । १६औँ संस्करणमा पुनः विदेशी खेलाडीले उपाधि जितेको अध्यक्ष पराजुलीले जानकारी दिनुभयो । सो संस्कणमा केन्याका धावक स्टेफेन कोस्गेई प्रथम र केन्याकै धावक सिमोन किप्लागट दोस्रो हुनुभएको थियो । यसले झनै पोखरा म्याराथनको महत्व र चर्चा बढेको थियो । विदेशी धावकहरु पनि सहभागी हुन थालेसँगै पोखरा म्याराथनले अन्तर्राष्ट्रिय मान्यता पाएको छ। लामो समयको प्रयास र प्रक्रियापछि पोखरा म्याराथनले एसोसिएसन अफ इन्टरनेसनल म्याराथन सोसाइटी (एम्स) को सदस्यता पाएको उहाँले बताउनुभयो।

पोखरा म्याराथन नेपालबाट एम्समा दर्ता हुने दोस्रो प्रतियोगिता बनेको अध्यक्ष पराजुलीले जानकारी दिनुभयो । "पोखरा म्याराथन एम्समा दर्ता हुने ४०औँ प्रतियोगिता बनेको छ । नेपालमा भने दोस्रो हो", उहाँले भन्नुभयो, "प्रक्रिया हामीले पहिला सुरु गरेका हौँ । तर नेपालगञ्जले हामीले भन्दा दुई दिनअगाडि सदस्यता पाएको हो।" एम्समा दर्ता भएपछि पोखरा म्याराथन अन्तर ष्ट्रिय बाटोमा हिँडेको उहाँको भनाइ थियो । यसले गर्दा पोखरा म्याराथन विश्वले चिन्ने अध्यक्ष पराजुलीले बताउनुभयो । "यसका लागि हामी योग्य थियौँ । एम्समा दिनुपर्ने सबैभन्दा पहिलो कुरा रुटको प्रमाणीकरण गरिसकेपछि सदस्यता दिएको हो", उहाँले भन्नुभयो, "धावकहरुक लागि शौचालय निर्माण, खाजाको व्यवस्थालगायत विषयमा सम्झौता पनि भएको त्यसको पालना पनि हामीले गर्नैपर्छ ।" अन्तर्राष्ट्रिय मान्यता पाएकाले यो पटकदेखि धावकहरुले चिप्सको प्रयोग गर्ने उहाँले जानकारी दिनुभयो। "धरान रनका संस्थापक सन्तोष राईले चिप्सका लागि सहयोग गर्ने भन्नुभएको छ । चिप्सको टेक्निसियनहरु पनि उहाँले नै ल्याउनुहुन्छ", अध्यक्ष पराजुलीले भन्नुभयो, "एउटा डिभाइस कम्प्युटरसँग कनेक्ट गरिन्छ र धावकले चिप्स लगाएपछि समय हेरिरहनु पर्दैन जसले गर्दा प्राविधिक जनशक्ति धेरै चाहिँदैन।" यो पटक म्याराथन र हाफ म्याराथनको धावकहरुले मात्र चिप्स प्रयोग गर्ने उहाँले बताउनुभयो । आर्थिक अवस्था कमजोर भए पनि समयको मागसँगै पुरस्कार राशि वृद्धि गर्दै गएको अध्यक्ष पराजुलीले जानकारी दिनुभयो । "पहिलो संस्करणमा ५० हजार पुरस्कार राखेका थियौँ", उहाँले भन्नुभयो, "समयअनुसार बढाउँदै ७० हजार, चार लाख हुँदै अहिले पाँच लाख पुऱ्याएका छौँ।" पहिले लेखनाथतिर पनि रुट पारिने गरेकामा पोखरा महानगर भइसकेपछि अहिले पोखरामा मात्र रुट बनाइएको छ।

सुरुका दिनमा रकमकै कारण प्रतियोगिता गर्न समस्या परे पनि अहिले तीन तहका सरकार, विदेशी सङ्घसंस्था, खेलकुदप्रेमीको सहयोगले थप हौसला पलाएको पराजुली बताउनुहुन्छ । पछिल्लो समय स्थानीयको पनि राम्रै साथ र समर्थन छ । दौडमा पोखराका विभिन्न टोलमा जातीय वेशभूषासहित सांस्कृतिक झाँकीले धावकहरुलाई अझ हौसला थपिने उहाँले बताउनुभयो । "पहिला सरकारी कार्यालयबाट सहयोग आउनै समस्या थियो", उहाँले भन्नुभयो, "गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ प्रमुख संरक्षक र पोखरा महानगरका प्रमुख मानबहादुर जिसी संरक्षक बनिदिनुभएको छ ।" अहिले भने सुरक्षा र ट्राफिक व्यवस्थापनको समस्या टड्कारो छ । आगामी दिनमा एम्सको नियम र परिधिमा रहँदै म्याराथन गर्दै जाने र अबको केही वर्षमा ५० हजार धावकलाई दौडाउने लक्ष्य लिएको मञ्चका अध्यक्ष पराजुलीले बताउनुभयो । आफूहरुको मुख्य समस्या ट्राफिकको भएकाले आगामी दिनमा त्यो समस्यामा पनि हल हुँदै जानेको उहाँको भनाइ छ।

पछिल्लो समय पोखरा म्याराथन पोखरा चिनाउने माध्यम बनेको उहाँको भनाइ थियो । पोखरा चिनाउने धेरै चीजहरुमध्ये पोखरा म्याराथन पनि थपिएको उहाँले बताउनुभयो । "हिमाललाई हेर्दै तालको किनार किनार पुल तर्दै मन्दिर, मस्जिद, गुम्बाको छेउछाउमा दौडन विरलै पाइन्छ," उहाँले भन्नुभयो, "यस्तो चीजलाई प्रचार गर्नुपर्छ, यसका लागि विभिन्न निकायसँग कुरा गरिरहेका छौँ ।" विभिन्न चरण चुनौती र समस्यालाई पार गर्दै अघि बढेको भूपूखेलाडी मञ्च नेपालले यही फागुन ६ गते १७औँ संस्करणको पोखरा म्याराथनको आयोजना गर्दैछ। यसका लागि संस्था अन्तिम तयारीमा छ। नेपाली म्याराथनको इतिहासमै सर्वाधिक पुरस्कार राशिको पोखरा अन्तर्राष्ट्रिय म्याराथनमा २९ विदेशी धावकसहित नेपाली धावकले प्रतिस्पर्धा गर्नेछन् । यो पटकको म्याराथनमा १६ देशका २९ विदेशीसहित दुई सयभन्दा बढी धावकले 'पोखरा अन्तर्राष्ट्रिय म्याराथन'को टाइटल जित्न दौडिने अध्यक्ष पराजुलीले जानकारी दिनुभयो । "२९ विदेशी धावक छन् । केन्या, फ्रान्स, अमेरिका, बेलायत, भारत, अष्ट्रेलिया लगायतका देशका धावकको सहभागिता छ", उहाँले भन्नभयो, "पूर्वको तेह्रथुमदेखि पश्चिमको दार्चुलासम्मका धावकले प्रतिस्पर्धा गर्न पोखरा आएका छन् ।" महिलातर्फको हाफ म्याराथनमा २० जना धाविकाले प्रतिस्पर्धा गर्ने उहाँले जानकारी दिनुभयो ।

# डुम्रे-बेँसीसहर सडक दुई लेन बनाउने कार्य पचास प्रतिशत

**रासस**
लमजुङ, ५ फागुन

लमजुङ र तनहुँ जोड्ने मुख्य सडक डुम्रे-बेँसीसहर सडक दुई लेन बनाउने कार्य हालसम्म ५० प्रतिशत सम्पन्न भएको छ ।

तनहुँको डुम्रे बजारबाट दुई सय २० मिटर अघिदेखि आठ दशमलव तीन किलोमिटर चाम्बाससम्म पहिलो चरणमा दुई लेन सडक बन्न अझै ५० प्रतिशत बाँकी रहेको डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालयका सूचना अधिकारी तथा इन्जिनियर पुरुषोत्तम अधिकारीले बताउनुभयो ।

उहाँका अनुसार यतिबेला चौडाइ पुऱ्याउन कटिङ गर्ने, टेवा (पर्खाल) उठाउने काम अन्तिम चरणमा पुगेको छ । त्यस्तै पाइप कल्भर्ट, स्ल्याब कल्भटको काम सम्पन्न भएको छ । कालोपत्रका लागि सडकको स्तर मिलाउने कार्य भइरहेको छ । सडकको नाली बनाउने कार्य पनि भइरहेको उक्त कार्यालयका सूचना अधिकारी अधिकारीको भनाइ छ । उहाँले भन्नुभयो, "कामलाई तत्काल प्रभाव पार्ने यस सडकभित्र रहेको २० बिजुलीका खम्बा र १८ टेलिफोनका खम्बा हटाउन पहल भइरहेको छ ।" यस सडकको निर्माण कार्य लक्ष्यअनुसार भइरहेको उहाँको दाबी छ । आगामी वर्षायाममा काम करिब तीन महिना प्रभावित हुने र निर्धारित समयमा काम सम्पन्न नहुने भएकाले यतिबेला तीव्र रुपमा काम गर्दै निर्धारित समयमै सम्पन्न गराउने कोसिसमा रहेको सूचना अधिकारी अधिकारीले बताउनुभयो । तनहुँको डुम्रे बजारदेखि लमजुङतर्फ निर्माण हुने यो सडक अहिले डुम्रे बजार नजिकैबाट दुई लेनको बनाउन थालिएको छ । राजमार्गको यस सडकको मापदण्ड दायाँबायाँ 'राइटअफ वे' सहित १५/१५ मिटरको हुने भएको छ । त्यस्तै १०/१० मिटरको लगतकट्टा भइसकेको छ भने अधिग्रहण गरेकोमध्ये चौडाइ ११ मिटरमा सडक संरचना बन्ने भएको छ । यसअघि तीन दशमलव ७५ मिटरको 'क्यारिज वे'(भारवाहन सडक) रहेकामा अब सात मिटरको हुने उक्त योजना कार्यालयले जनाएको छ । त्यस्तै दायाँबायाँ एक/एक मिटरको 'सोल्जर' तथा एक/एक मिटरको नाली निर्माण हुने भएको छ। उक्त कार्यालयका अनुसार यस सडकको सो काम विसं २०८० कात्तिक २२ गतेसम्म सक्ने गरी आशिष अनेस्ट जेभीले गत वैशाख २२ गते सम्झौता गरेको थियो । सडकमा 'अस्फाल्ट' किसिमको कालोपत्र हुने भएको छ । त्यस्तै कालोपत्र सकिएपछि पेन्टिङ गर्ने र किलोमिटर पोस्ट राखिने बताइएको छ । डुम्रे बेँसीसहर सडक ४२ किलोमिटरको दूरी रहेको छ । यस सडकको तनहुँको डुम्रेदेखि लमजुङको सिमाना पाउँदी बजारसम्म २४ किलोमिटरको छ । यस सडकका लागि भ्याट र पिएसबाहेक रु ७५ करोड ९४ लाख ९७ हजारको लागत अनुमान गरिएकामा कम्पनीले रु ३८ करोड नौ लाख ८६ हजारमा ठेक्का सम्झौता गरेको उक्त कार्यालयले जनाएको छ । यस पहिलो चरणको निर्माण कार्य सम्पन्न भएलगत्तै सडकको अन्य कामसमेत अघि बढ्ने बताइएको छ । डुम्रे बजारबाट विसं २०२९ मा खन्न सुरु गरिएको यो सडक बेँसीसहरसम्मको ४२ किलोमिटरसम्म पुऱ्याउन करिब साढे एक दशक लागेको थियो ।

विसं २०४६ मा ट्र्याक खुलेसँगै विसं २०५२ देखि एक लेनको कालोपत्र थालिएको थियो । सुरु गरेको चार वर्षको अवधिमा सडकको कालोपत्र सम्पन्न भएको थियो । डुम्रे-बेँसीसहरको यस सडक हुँदै हिमाली जिल्ला मनाङका बासिन्दासमेत आवतजावत गर्ने गर्दछन् ।


महाशिवरात्री पर्वका अवसारमा पोखरामा बिक्री गर्न ल्याइएको ऊखुँ । फोटोः पोखरापत्र

# महिलाहरु बिच वक्तृत्वकला प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

पोखरा महानगरपालिका वडा नम्बर ७ को आयोजनामा वडामा सामाजिक क्षेत्रमा महिलाको भुमिका विषयक वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ ।

प्रतियोगितामा अनिशा अधिकारी प्रथम, सरस्वती पौडेल द्धितिय, जमुना भण्डारी तृतीय र सृजना सापकोटा बराल सान्त्वना हुनुभएको छ । प्रथम, द्धितिय, तृतीय र सान्त्वनाले क्रमश नगद रु.४ हजार, ३ हजार, २ हजार, १ हजार र प्रमाणपत्र प्राप्त गर्नुभएको छ । प्रतियोगितामा वडामा क्रियाशिल १२ जना महिला दिदीबहिनीको सहभागिता रहेको थियो ।



प्रतियोगिताको निर्णायक रेडियो सफलताका प्रवन्ध निर्देशक दुर्गा अधिकारी, भद्रकाली माविका सहायक प्रध्यानाध्यापक लोकेन्द्र खनाल, अधिवक्ता गिता लामाछाने हुनुहुन्थ्यो । यस अघि कार्यक्रमको उद्घाटन गर्दै वडा अध्यक्ष राममोहन आचार्यले महिलाहरुको प्रतिभा प्रस्फुटन गर्ने उदेश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो । वडा सदस्य तथा कार्यक्रम संयोजक सुनिता सुनारले यो कार्यक्रमले महिला दिदी बहिनीहरुको आत्मविश्वास बढाउने विश्वास व्यक्त गर्नुभयो । निर्णायक संयोजक दुर्गा अधिकारी मुल्याङ्कनका विविध विषय हेर मुल्याङ्क गरिने बताउनुभयो । कार्यक्रमको संचालन वडा सदस्य अर्जुन थापाले गर्नुभएको थियो ।

# कार्यसम्पादन मूल्याङ्कनमा भरतपुर उत्कृष्ट

**रासस**
चितवन, ५ फागुन

कार्यसम्पादन मूल्याङ्कनमा भरतपुर महानगरपालिका उत्कृष्ट देखिएको छ । बजेट विनियोजनदेखि कार्यक्रम कार्यान्वयनसम्मको प्रदर्शनका आधारमा मापन हुने कार्यसम्पादन मूल्याङ्कनमा भरतपुर महानगरपालिका पहिलो भएको हो ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आर्थिक वर्ष २०८०/८१ का लागि वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने प्रयोजनका लागि कार्य सम्पादन सूचकाङ्कका आधारमा सबै तहका सरकारको कार्यसम्पादन मूल्याङ्कन गर्ने गर्दछ । देशभरिका अन्य छ महानगरपालिका भन्दा भरतपुर उत्कृष्ट भएको हो ।

आयोगले दिएको जानकारीअनुसार भरतपुरले ७२ दशमलव २२ प्रतिशत अङ्क प्राप्त गरेको छ । विराटनगर महानगरपालिकाले ५९ दशमलव २४, ललितपुर महानगरपालिकाले ५८ दशमलव ४३ , काठमाडौँ महानगरपालिकाले ५६ दशमलव ५२ , वीरगञ्ज महानगरपालिकाले ५३ दशमलव २३ र पोखरा महानगरपालिकाले ४८ दशमलव ६६ प्रतिशत अङ्क पाएका छन् ।

जिल्लाका सात स्थानीय तहमध्येमा पनि भरतपुर पहिलो भएको छ । भरतपुरले ७२ दशमलव २२ प्रतिशत अङ्क पाउँदा राप्ती नगरपालिकाले ७० दशमलव ८८ प्रतिशत, कालिका नगरपालिकाले ५६ दशमलव ७५ प्रतिशत, इच्छाकामना गाउँपालिकाले ५९ दशमलव ५१ प्रतिशत, रत्ननगर नगरपालिकाले ५७ दशमलव ६३ प्रतिशत, खैरहनी नगरपालिकाले ५५ दशमलव ८३ प्रतिशत र माडी नगरपालिकाले ६० दशमलव १५ प्रतिशत अङ्क पाएका छन्। भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले आयोगले अध्ययन सुरुगेपछिपनिधैभरतपुरमहानगरपालिका अन्य महानगरपालिका भन्दा अगाडि रहेको बताउनुभयो ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अनुसार स्थानीय सरकारले ऐनअनुसार १० असारभित्र सम्बन्धित गाउँ नगरसभामा बजेट पेस गर्नुपर्छ । त्यसो भए/नभएकालाई एक सूचक मानिएको छ । बजेट असार मसान्तभित्र पास गर्नुपर्छ। गरे/नगरेको विषय अर्को सूचक हो । स्थानीय तहले घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर, विज्ञापन करबाट उठेको रकम प्रदेश सरकारलाई हस्तान्तरण गरे/नगरेकालाई समेत सूचक मानिएको छ । आगामी आव २०८०/८१ को आयव्ययको प्रक्षेपण पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पठाए वा नपठाएकालाई समेत अर्को मूल्याङ्कनको आधार मानिएको छ । यी कार्यलाई आधार बनाएर महानगरपालिकाले कार्य सम्पादन गर्ने गरेको प्रमुख दाहाल बताउनुहुन्छ । उहाँका अनुसार विनियोजित बजेट, त्यसको कार्यान्वयन, राजस्व सङ्कलनको लक्ष्य र प्रगतिलाई समेत आयोगले मूल्याङ्कनको आधार बनाउने गरेको छ। लेखा परीक्षण, आवधिक योजना, सामुदायिक विद्यालयमा रहेका विद्यार्थीको सङ्ख्या, गर्भ जाँच गर्ने महिलाको सङ्ख्या, स्वास्थ्य संस्थामा सुत्केरी हुनेको सङ्ख्या, बालबालिकाको सङ्ख्या, पूर्ण खोप लगाएका बालबालिकाको सङ्ख्या समेतलाई मूल्याङ्कनको आधार बनाएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो "भौतिक निर्माणमा हामी देशमा नै अग्रणी छौँ । यससँगै अन्य कार्यसम्पादनमा पनि हामी उत्कृष्ट हुने गरेका छौँ ।" महानगरपालिका उपप्रमुख चित्रसेन अधिकारीले महानगरकाजनप्रतिनिधि,कर्मचारी र सेवाग्राही सबैको संयुक्त प्रयासबाट कार्य सम्पादन उत्कृष्ट बनाउन सकिएको बताउनुभयो । उहाँले भन्नुभयो, "अन्य सूचकमा पनि महानगरपालिका उत्कृष्ट रहेको छ ।"

भरतपुर महानगरपालिका प्रमुख दाहालको यो दोस्रो कार्यकाल हो भने उपप्रमुख अधिकारी यसअघि वडाध्यक्ष हुनुहुन्थ्यो । दाहाल अनुभवी जनप्रतिनिधिका रुपमा परिचित हुनुहुन्छ ।

# नेपाली चाडपर्व सामुहिक रुपमा मनाउदै होटल पौवा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

होटल पौवाले नेपाली चाडपर्वलाई हर्ष र उल्लाहासका साथ मनाउन थालेको छ । पोखराको लेकसाइडमा रहेको होटल पौवाको शाखाले पनि महाशिव रात्रि पर्वको अवसरमा भोलि शनिबार होटलमा साँझ भजनकृतन सहित प्रसाद वितरण गर्ने भएको हो ।

नेपाली चाड पर्वहरुको महत्व घट्दै गएको अबस्थामा नेपाली चाड पर्वको नयाँ पुस्तालाई बुझाउदै नेपाली पर्वको प्रबर्द्धन गर्न नेपाली चाडपर्व सामुहिक रुपमा मनाउन थालिएको होटल पौवा पोखरा शाखाका व्यवस्थापक राजेन्द्र बस्यालले बताए । माघे सक्राति पर्वको अवसरमा समेत होटलमा आएका पाहुनाको साथमा होटल वरपरका स्थानियलाई समेत निम्तो दिदै सामुहिक रुपमा माघे सक्राति पर्व मनाएको होटल पौवाले महाशिव रात्रि पर्व पनि पाहुना र स्थानिय बिच मनाउने भएको उनले जनाए । यसैबिच, केदारेश्वर महादेव मणि मन्दिरमा होटल पौवाले शनिबार शिवरात्रि पर्वको अवसरमा पिउने पानी, चिया र प्रसाद रुपमा वितरण गर्ने भएको छ । शिवरात्रि पर्वको अवसरमा होटल पौवाका सबै शाखाहरुमा विशेष पुजा गर्दै साझ ५ बजेपछि बुलुका १०:०० बजेसम्म भजनकृर्तनमा आगन्तुक पाहुना र स्थानीयलाई मनोरन्जन दिलाउने भएको व्यवस्थापक बस्यालले बताए । 'यस वर्षको शिवरात्री पौवासँग मनाऔं सँगै नाचौं, सँगसँगै खाऔं' भन्ने मुल नाराका साथ पौवाका ११ वटा शाखामा शिवरात्री विषेश कार्यक्रम हुने भएको हो ।

बुटवल, भैरहवा, पाल्पा, गुल्मी, कपिलवस्तु, दाङ, धनगढी, जुम्ला लगायतका स्थानमा शाखा विस्तार गरेको होटल पौवाले काठमाडौँ, चितवन र जनकपुरमा भने केही बर्षमा शाखा विस्तार गर्ने योजना बनाएको होटल व्यवस्थापन समितिले जनाएको छ ।

# सिकारीका पर्खाइमा ढोरपाटन सिकार आरक्ष

**पोखरापत्र संवाददाता**
बागलुङ, ५ फागुन

ढोरपाटन सिकार आरक्षमा वर्षको दोस्रो सिकारयाम सुरुआत भएको छ । आगामी सिकार याम (२०७९ फागुन-२०८० वैशाख)का लागि ढोरपाटनमा सिकार गर्न इच्छुकबाट प्रस्ताव आह्वान भएसँगै सिकार आरक्ष सिकारी पर्यटकको पर्खाइमा छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले बिहीबार प्रतिस्पर्धाबाट सिकार गराउन दरभाउ पत्र आह्वान गरेको हो । पन्ध्र दिनभित्र पेस हुने प्रस्तावबाट बढीबढाउका आधारमा सिकार कम्पनीले नाउर, झारल र वनेलको सिकार अनुमति पाउने छन् ।

विभागका अनुसार आरक्षमा तोकिएको ब्लक र निर्धारण गरिएको कोटाका आधारमा प्रतिस्पर्धाबाट नाउर, झारल र वनेलको सिकार गरिने भएको छ । यसका लागि व्यक्ति तथा सङ्घ संस्थाले निवेदन दिनसक्ने विभागले जनाएको छ । आरक्षमा यस आव २०७९/८० को दोस्रो याममा लागि १२ नाउर आठ झारलको सिकार कोटा तोकिएको छ । यस सिजनमा नेपाली नागरिकका लागि ७ वनेल र विदेशी नागरिकका लागि चार वनेल गरी जम्मा ११ वटा वनेल सिकार कोटा तोकिएको आरक्षका प्रमुख संरक्षण अधिकृत वीरेन्द्र कँडेलले बताउनुभयो ।

ढोरपाटन नेपालको एक मात्र सिकार आरक्ष हो । यहाँ कात्तिक-मङ्सिर र फागुन-वैशाख गरी दुई सिजनमा सिकारको अनुमति दिइन्छ । आरक्षले सिकारको अनुमति दिएको सङ्ख्या, पर्यटक र उनीहरुको गतिविधिलाई नियमनको काम गर्छ । नेपालमा दुई सिजनामा गरी सामान्यतया दुई दर्जन नाउर र एक दर्जन झारलको सिकार हुने गरेको छ ।

आरक्षमा कूल छ वटा ब्लक रहेका छन् । ब्लकअनुसार मूल्य फरकफरक पर्छ । पर्यटकले सिकार गरेको जनावरको सिङ, छाला, खप्परजस्ता अङ्ग भने आफ्नो मुलुक लैजान पाउँछन् । विभागले यस वर्षको पहिलो सिकार यामका लागि आठ नाउर र पाँच वटा झारलको सिकार अनुमति दिएको थियो । तीमध्ये पाँच नाउर र चार झारलको मात्रै सिकार भएको थियो । अघिल्लो सिकार याममा सिकार हुन नसकेका नाउर र झारल समेतलाई थप गरेर वर्षको दोस्रो याममा सिकार अनुमति दिन लागिएको हो । पहिलो सिकार याममा कुनै पनि नेपाली र विदेशीले सिकारका लागि चासो नदेखाए पनि दोस्रो याममा वनेलको सिकारका लागि प्रस्ताव आह्वान गरिएको छ ।

"अनुमति लिएका विदेशीले निःशुल्क वनेलको सिकार गर्न पाउँछन्, नेपालीलाई पनि सामान्य शुल्क लिएर सिकारका लागि अनुमति लिन प्रस्ताव आह्वान गरिए पनि अहिलेसम्म कोही पनि अनुमति लिन आएका छैनन्", उहाँले भन्नुभयो, "आशा गरौं यो मौसममा बनेको पनि सिकार हुनेछ ।" आरक्षमा रहेका वनेल आसपासका बस्तीमा पसेर किसानको बाली मास्ने गरेका छन् । आरक्षमा वनेलको सङ्ख्या उच्च रहे पनि सिकारीले चासो नदेखाएका हुन् । सिकारको दर पनि बढ्ने र माग घट्दा राजस्व पनि घट्ने गरेको छ ।

# पर्वत अस्पतालमा सुत्केरी सेवा ठप्प

**पोखरापत्र संवाददाता**
पर्वत, ५ फागुन

जिल्ला अस्पताल पर्वतमामा एक महिनादेखि सुरक्षित सुत्केरी सेवा ठप्प बनेको छ । सुरक्षित सुत्केरी सेवा अवरुद्ध हुँदा सेवाग्राहीलाई समस्या भएको छ ।

जिल्ला अस्पतालका चिकित्सक लामो समयसम्म उपलब्ध नहुँदा प्रसूति सेवा बन्द छ । अस्पतालमा जलजला, फलेवास, कुश्मा र मोदी, महाशिला र विहादीका सेवाग्राही सेवा लिन आउने गर्छन् । छिमेकी जिल्ला बागलुङको दक्षिणी क्षेत्र जैमिनी नगरपालिकाका सर्वसाधारण पनि यहाँ उपचारका लागि आउने गर्दछन् । एक महिनादेखि चिकित्सक नहुँदा प्रसूति गराउनका लागि पोखरा, काठमाडौँलगायत ठाउँ पुग्नुपर्ने अवस्था छ । पर्वतको कुश्मा नगरपालिका-३ आम्बोटकी कुमारी रेग्मी प्रसूति व्यथाले च्यापेर झण्डै १० किलोमिटर सडक यात्राबाट बिहीबार पर्वत अस्पताल पुग्दा चिकित्सक नभएपछि फर्किएर पोखरा जान बाध्य भएको स्थानीय नवराज क्षेत्रीले बताउनुभयो ।

एक महिनाअघि आफूलाई पनि यस्तै समस्या परेको उहाँले बताउनुभयो । रेग्मी जस्तै दैनिक अरु गर्भवती र सुत्केरी उपचारका लागि यहाँ आउने गरे सेवा पाउन सकेका छैनन । जिल्लाका अन्य स्वास्थ्य संस्थामा जटिल खालका गर्भवती सुत्केरी गराउनका लागि शल्यक्रिया सेवा नहुँदा पर्वत अस्पतालमै आउनुपर्ने बाध्यता छ । सेवा नपाएपछि पोखरा तथा काठमाडौँ रिफर गर्नुपरेको अस्पतालले जनाएको छ।

जिल्ला अस्पताल पर्वतकी निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा रुक्मिणा अधिकारीका अनुसार अस्पतालमा कार्यरत चिकित्सक डा हेमन्त बराल एक महिनादेखि तालिममा हुनुहुन्छ । अस्पतालमा थप दरबन्दी वा वैकल्पिक जनशक्ति व्यवस्थापन गर्न सम्बन्धित निकायलाई अनुरोध गरिएको उहाँले बताउनुभयो ।

पर्वत अस्पतालमा यस मासिक ३० देखि ३५ जनासम्मले सुत्केरी सेवा लिँदै आएका थिए । अहिले सामान्य अवस्थाका बाहेक सबैजसो पोखरा र काठमाडौँ जाने गरेका छन् ।